# कालिका नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४, सङ्ख्याः २९ चितवन २०७८ पौष १४ गते बुधबार

भाग-२

## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रेडक्रससग्राम, चितवन

**कालिका नगरपालिकाको नगर कार्यपालिका बाट पारित भएको तल लेखिए बमोजिमको कालिका नगरपालिकाको महिला स्वास्थ्य स्वंयसेविकाहरुको लागि सम्मानजनक बिदाइ गर्ने कार्यविधि, २०७८ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**





## कालिका नगरपालिकाको महिला स्वास्थ्य स्वंयसेविकाहरुको लागि सम्मानजनक बिदाइ गर्ने कार्यविधि, २०७८

**प्रस्तावना**

कालिका नगरपालिका भित्र कार्यरत रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरु मध्ये काम्तिमा १० वर्ष सेवा गरेका साथै नागरिकता को आधार मा ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ एकमुष्ठ आर्थिक सहयोग रकम सहित सम्मानजनक बिदाइ गर्न बान्छनीय रहेकोले दीर्घकालीन सेवा गर्ने महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि ससम्मानजनक बिदाइ गर्ने कार्यविधि, २०७८ तयार गरी लागु गरिएको छ । राष्ट्रीय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका कार्यक्रम रणनीति २०६७ (परिमार्जन पहिलो संसोधन २०७६) अनुसार यो कार्यविधि जारी गरिएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधि को नाम दीर्घकालीन सेवा गरेका महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि ससम्मानजनक बिदाइ गर्ने कार्यविधि, २०७८ हुनेछ ।

ख) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मिति बाट लागु हुनेछ ।

**२) परिभाषा**

बिषय वा प्रसङ्ग ले अर्को अर्थ नलागेमा,

क) "नगरपालिका" भन्नाले कालिका नगरपालिकालाइ सम्झनु पर्छ

ख) "कार्यविधि" भन्नाले दीर्घकालीन सेवा गरेका महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि सम्मानजनक बिदाइ गर्ने कार्यविधि, २०७८ सम्झनुपर्छ ।

ग) "महिला स्वास्थ्य स्वयं सेविका" भन्नाले कालिका नगरपालिका भित्र कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका सम्झनुपर्छ ।

घ) "दीर्घकालीन सेवा" भन्नाले महिला स्वास्थ्य स्वयं सेविकाको रुपमा कम्तिमा १० बर्ष सेवा गरेको सम्झनुपर्छ ।

ङ) "स्वास्थ्य संस्था" भन्नाले कालिका नगरपालिका भित्ररहेका स्वास्थ्य संस्था भने सम्झनुपर्छ ।

**३) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक बिदाइ का प्रमुख उधेश्य**

क) दीर्घकालीन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि बिदाइ हुने समयमा प्रोत्साहन हुने ।

ख) समुदायमा स्वास्थ्य सेवा गरेको कामको पहिचान हुने ।

**४) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक बिदाइ रकम प्रदान गर्ने आधारहरुदेहाएबमोजिम आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक बिदाइ रकम प्रदान गर्ने ।**

क) कालिका नगरपालिका अन्तर्गत कम्तिमा १० बर्स सेवारत रहेको हुनुपर्ने ।

ख) नागरिकता को आधारमा ६० वर्ष उमेर पुगेको हुनुपर्ने ।

ग) खण्ड ख मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वयंसेविकाको रुपमा कम्तिमा १० बर्स सेवा गरिसकेपछि स्वास्थ्य सम्बन्धि कारण ले सेवा गर्न असमर्थ भएमा पनि यस कार्यविधि बमोजिमको रकम प्रदान गर्न बाधा पुग्ने छैन ।

घ) नियमानुशार आमासमुहको बैठकमा राजिनामा पेश भइ स्वीकृत भएको हुनुपर्ने ।

ङ) सम्बन्धित स्वास्थ्य संस्थाबाट सिफारिश भएको हुनुपर्ने ।

**५) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक बिदाइ बिबरण**

क) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कदर पत्र सहित सम्मानजनक बिदाइ गरिनेछ ।

ख) सम्मानजनक बिदाइका लागि एकमुष्ट आर्थिक सहयोग रकम रु.१,००,०००- अक्षरुपी एक लाख रुपया प्रदान गरिनेछ यस बमोजिमको रकममा नियामानुशार १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरिनेछ ।

**६) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि सम्मानजनक बिदाइ प्रक्रिया**

क) स्वास्थ्य संस्थाहरुले महिला स्वास्थ्य स्वयंसेविकाहरुकाको कार्य अबधि प्रमाणित गरी नागरिकता को प्रतिलिपि , महिला स्वास्थ्य स्वयंसे





विकाको परिचयपत्रको प्रतिलिपि,आमासमुहमा राजिनामा पेश गरी स्वीकृत भएको कागजातका प्रतिलिपि प्रमाणित गरी सिफारिस साथ **स्वास्थ्य शाखामा पठाउने ।**

**ख) प्राप्त कागजात को आध्ययन गरी स्वास्थ्य शाखाले यकिन बिवरण सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।**

**ग) प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत भए पश्चात महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई** आर्थिक सहयोग रकम र कदर पत्र सहित सम्मानजनक बिदाइ गर्ने ।

**आज्ञाले**
अच्युतराज रेग्मी
**प्रमुख प्रशासकीय अधिकृत**

# कालिका नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ४, सङ्ख्याः २९ चितवन २०७८ पौष १४ गते बुधबार

**भाग-२**

### कालिका नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### रेडक्रससग्राम, चितवन





**कालिका नगरपालिकाको नगर कार्यपालिका बाट पारित भएको तल लेखिए बमोजिमको**

**'ग वर्ग (पहेलो) अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुलाइ भता वितरण कार्यविधि, २०७८**

**स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## 'ग' वर्ग (पहेलो) अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुलाइ भत्ता वितरण कार्यविधि, २०७८

**प्रस्तावना:**

शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक सामाजिक, सांस्कृतिक वातावरणका साथै सन्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सन्चालन गर्न एवं सामाजिक जीवनमा पुर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाइ अपाङ्गता भनिन्छ। अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिहरुलाइ सशक्तिरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराइ स्वावलम्वी र सम्मानवनक जीवनयापनको वातावरण सुनिश्चित गर्नका लागी अपाङ्गता भएका व्यक्तिहरुलाइ गम्भीर ताको आधारमा अपाङ्गतालाइ चार प्रकारमा विभाजन गरिएको छ । पुर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, मध्यम अपाङ्गता र सामान्य अपाङ्गता रहेको छ। स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि तर्जुमा गरि लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

क) ग वर्ग(पहेलो) अपाङ्गता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुलाइ भत्ता वितरण कार्यविधि २०७८ रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

क) नगरपालिका भन्नाले कालिका नगरपालिका सम्झनु पर्दछ।

ख) वडा कार्यालय भन्नाले कालिका नगरपालिकाको वडा कार्यालयहरु सम्झनु पर्दछ।

ग) अपाङ्गता भएको व्यक्ति भन्नाले शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक सामाजिक, सांस्कृतिक





वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पुर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाइ सम्झनु पर्दछ।

घ) "ग" वर्गको (पहेलो) परिचय पत्र भन्नाले कालिका नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण स्थानिय समन्वय समितिमा सम्पुर्ण नियम, प्रकृया पुरा गरि प्राप्त गरेको "मध्यम अपाङ्गता" परिचय पत्र सम्झनु पर्दछ।

३. भत्ता रकमको स्थापना:

क) कालिका नगरसभाबाट विनियोजित रकम,

ख) नेपाल सरकारबाट प्राप्त रकम,

ग) विदेशी व्यक्ति,अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

४. भत्ता वितरण सम्बन्धि मापदण्ड:

क) यस कार्यविधि बमोजिम ग वर्गका (पहेलो) परिचय पत्र वा मध्यम अपाङ्गता भएका व्यक्तिहरुले परिचयपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी सहित भत्ताको लागी अनुसुचि १ बमोजिमको निवेदन संम्वन्धित वडा कार्यालयमा दिनुपर्नेछ।

ख) वडा कार्यालयले निवेदन संकलन गरि नगरपालिकामा पठाए पछि नगरपालिकाले मध्यम अपाङ्गता भएका व्यक्तिलाई मिति २०७८/०४/०१ बाट लागु हुने गरि मासिक रु. ५००।- (पाँच सय) का दरले भत्ता वितरण गरिनेछ।

ग) नयाँ लाभग्राहीहरको हकमा नगरपालिका बाट परिचय पत्र वितरण गर्ने निर्णय भएको अर्को महिना बाट लागु हुने गरि मासिक रु. ५००।- (पाँच सय) का दरले भत्ता वितरण गरिनेछ।

घ) भत्ता रकम संम्बन्धित लाभग्राहीको बैक खाता मार्फत वितरण गरिनेछ ।

अनुसुची

(दफा ४ को उपदफा क संग सम्बन्धित)

**श्री वडा अध्यक्ष ज्यु,**
**......नं.वडा कार्यालय मार्फत**
**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**रेडक्रसग्राम चितवन।**

**विषय: सहयोग उपलब्ध गराइ पाउँ।**

**म कालिका नगरपालिका.........न वडामा बस्ने ना.प्र.न...................**
**......ले मिति.............मा कालिका नगरपालिकाबाट मध्यम अपाङ्ता वा ग वर्गको (पहेलो) परिचय पत्र लिएको छु।मेरो शारिरीक/ मानसिक/ वौद्धिक समस्या/ सुस्तश्रवण/ न्युनदृष्टि/ स्वर वोलाइ सम्वन्धि .............अपाङ्गता भएको र आर्थिक अवस्था पनि कमजोर भएको कारण दैनिक जीवनयापनमा कठिनाइ भएकोले नियमानुसार सहयोग रकम उपलब्ध गराइ दिनुहुन यो निवेदन पेश गरेको छु।**

निवेदक
दस्तखत:
नामथर:
ठेगाना:
मिति:

**आज्ञाले**
**अच्चुतराज रेग्मी**
प्रमुख प्रशासकीय अधिकृत